का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ भदौ २०८१,
सोमबार
19 August, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पेलेरै बढे प्रचण्ड

नेतृत्व छोड्ने प्रस्ताव ल्याएका नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मालाई अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पेलेर अगाडि बढेका छन् । आइतबार जारी सर्कुलर र प्रचण्डको अभिव्यक्तिले शर्मालाई पेलेर बढ्ने प्रष्ट देखिएको छ ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २ भदौ ।

नेकपा माओवादी केन्द्रले मातहतका कमिटीलाई निर्देशनात्मक सर्कुलर जारी गरेको छ । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र महासचिव देव गुरुङले आइतबार पार्टीपंक्तिमा सर्कूलर जारी गरेका हुन् ।

सर्कुलरमा अध्यक्ष प्रचण्डले स्थायी समितिमा राखेको धारणाहरु बुँदागत रुपमा राखिएको छ । वर्तमान परिस्थिति, भावी कार्यदिशा र कार्यक्रमहरु सर्कूलरमा उल्लेख छ ।

'... पार्टीको कार्यदिशा, पार्टीको एकता र पार्टीको नेतृत्वको पक्षमा एकताबद्ध भएर उभिन सबै कमरेडहरुप्रति हार्दिक आग्रहसहित बैठक समापन गर्नुभयो', सर्कूलरमा भनिएको छ ।

जुनसुकै बेला सडकमा जानुपर्ने हुन सक्ने भएकाले तयारी अवस्थामा रहन कार्यकर्तालाई निर्देशन समेत दिइएको छ । '... प्रतिगमन, राष्ट्रघात र भ्रष्टाचारको संरक्षण गर्ने दिशामा सरकार झनझन अगाडि बढेमा कुनै पनि समयमा सडक आन्दोलनमा जानुपर्ने आवश्यकतालाई ध्यानमा राख्नुपर्ने देखिन्छ', सर्कूलरमा भनिएको छ ।

जनताको मुद्दा खोसिने आशंकाहरु रहेकाले वर्तमान सरकारका गतिविधिलाई पार्टीले नजिकबाट हेर्नुपर्ने अध्यक्ष प्रचण्डको निष्कर्ष सर्कुलरमा राखिएको छ । सर्कूलरमा राखिएको निर्णयहरु माओवादीभित्र नयाँ भने होइन ।

गत १५ साउनमा सम्पन्न पदाधिकारी बैठकबाटै यस्तो निष्कर्ष निकालिएको थियो । तर त्यसलाई पार्टीको निर्णय मानिएको थिएन । किनकि माओवादीले स्थायी समिति र केन्द्रीय कार्य समितिमा पनि व्यापक छलफल गरेर निष्कर्षमा पुग्ने नीति लिएको थियो ।

९ वर्षपछि पहिलोपटक प्रमुख प्रतिपक्षी दल बनेको माओवादीले प्रदेश र जिल्ला तहका नेताहरुको समेत राय सुन्ने तयारी यसअघि थियो । तर पाँच दिनसम्म चलेको पदाधिकारी बैठकले पार्टीभित्र व्यापक छलफल गरेर प्रतिपक्षी कार्यक्रम तयार पार्ने निर्णय गरेको थियो ।

जसअनुसार भदौभित्रै केन्द्रीय कार्य समितिको बैठक राख्ने तयारी छ । तर स्थायी समिति बैठक सकिनासाथ अध्यक्ष प्रचण्डको आफ्नो धारणा मात्रै राखेर सर्कुलर जारी गरेका छन् । सर्कूलरमा राष्ट्रिय राजनीतिबारे पार्टीले लिनुपर्ने अडान मात्र समेटिएको छैन, पार्टी एकताबारे उभिन पनि निर्देशन गरिएको छ ।

यसरी हठात् सर्कूलर जारी गरिनुलाई अर्थपूर्ण रुपमा हेर्न सकिन्छ । किनकि स्थायी समिति बैठकमा अनपेक्षित रुपले उपमहासचिव जनार्दन शर्माबाट १४ पृष्ठ लामो पत्र पेश भएको थियो । शर्माको पत्रमा अध्यक्ष प्रचण्डले नेतृत्व छोड्नुपर्ने पृष्ठ २ मा

# डराइहाल्नु पर्दैन, सावधानी आवश्यक



मंकीपक्सको निदानका लागि चाहिने किटहरुको भण्डारण र उपचारका लागि आवश्यक थप सामग्री खरिद पक्रिया पनि अघि बढेको छ ।

■ **डा. प्रकाश बुढाथोकी**
**प्रवक्ता, स्वास्थ्य मन्त्रालय**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ भदौ

अफ्रिकी मुलुकहरुमा व्यापक रुपमा मंकीपक्स संक्रमण फैलिएपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले विश्वव्यापी स्वास्थ्य आपतकालको घोषणा गरेको छ । अफ्रिकी युनियन स्वास्थ्य एजेन्सीका अनुसार सन् २०२४ को जनवरीदेखि अफ्रिकामा कूल १८ हजार ७ सय ३७ जनामा मंकीपक्सको संक्रमण पुष्टि भइसकेको छ ।

साथै हालसम्म १२ अफ्रिकी सदस्य राष्ट्रहरूबाट तीन हजार १ सय १ घटनाहरु पुष्टि हुनुका साथै संक्रमणका कारण ५ सय ४१ जनाको मृत्यु भएको छ । संक्रमणको सोही अवस्थालाई मध्यनजर गर्दै डब्लुएचओले गत बुधबार विश्वव्यापी स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।

नेपालमा पनि दुई वर्षअघि एक जनामा मंकीपक्स संक्रमण पुष्टि भएको थियो । यद्यपि संक्रमित व्यक्ति विदेशी थिए । हाल बाह्य मुलुकमा संक्रमण तीव्र रुपमा फैलिरहेको हुनाले संक्रमण नेपालमा भित्रिन नदिन नेपाल सरकार पनि तयारीमा जुटेको छ ।

**मंकीपक्स**

यसका लागि अन्तर्राष्ट्रिय नाकाहरु तथा हवाइ क्षेत्रको सुरक्षालाई सक्रिय बनाउनुका साथै त्यहाँका स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

यस्तै देशभरिका छाला रोग विशेषज्ञहरुलाई सूचीत गराइ सावधान रहन आग्रह गरिएको उनको भनाइ छ । साथै मंकीपक्सको निदानका लागि चाहिने किटहरुको भण्डारणका साथै उपचारका लागि आवश्यक थप सामग्रीको खरिद पक्रिया पनि अघि बढेको प्रवक्ता बुढाथोकीले जानकारी दिए ।

तर यो रोग भित्रिन नदिन नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव नहुने उनको भनाइ छ । 'यो रोग भित्रिन नदिन नेपाल सरकार जत्ति नै तयारीमा जुटेपनि सरकारको एक्लो प्रयासले नियन्त्रण हुन सक्दैन । जनताले पनि जनस्वास्थ्यको मापदण्ड पालना गरिदिन पर्‍यो, संक्रमित देशबाट आएका व्यक्तिहरुलाई तीन हप्ताजति घरमै क्वारेन्टाइनमा राख्नु पर्‍यो । यसो गर्ने हो भने मात्र संक्रमण नेपाल भित्रिन पाउँदैन', उनले भने ।

यसैगरी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिट संयोजक डा. शेरबहादुर पुनले मंकीपक्सको लक्षण चिकेन पक्स अथात ठेउला रोगसँग मिल्दोजुल्दो हुने भएकाले यसको पहिचानका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा जोड दिए । यो रोग विशेषगरी संक्रमित व्यक्तिको तरल पदार्थ अन्य व्यक्तिमा पुग्दा, रोक्दा, संक्रमितको लुगा प्रयोग गर्दा वा उसले सुतेको ओछ्यानमा सुत्दा र यौनसम्पर्क मार्फत् सहजै सर्न सक्ने उनले बताए ।

शुरुमा रुघाखोकी लाग्ने, ज्वरो आउने, ग्रन्थी सुन्निने र दुख्ने जस्ता लक्षण मंकीपक्सका हुने भएकाले यसलाई सामान्य रुपमा नलिन पनि उनको आग्रह छ । उनले भने, 'सामान्य लक्षण देखिदैछ, कुनै जटिल रोग होइन भनेर चुप लागेर बस्न भएन । आफूमा त्यस्ता लक्षण देखिए भने समयमै उपचारर चिकित्सकको परामर्श लिनुपर्छ ।' पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसिया जाने कामदार घट्दा पनि भित्रियो साढे १४ खर्ब रेमिट्यान्स

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ भदौ

गत आर्थिक वर्ष २०८०/८१ मा करिब साढे १४ खर्ब रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको विवरणअनुसार गत वर्ष १४ खर्ब ४५ अर्ब ३२ करोड बराबरको विप्रेषण भित्रिएको छ । यो रकम नेपालको वार्षिक बजेटभन्दा साढे ४ खर्ब कम हो । सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट पेस गरेका थिए ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४ दशमलव पाँच प्रतिशतले वृद्धि भइ १० अर्ब ८६ करोड पुगेको भन्दै नेपाल राष्ट्र बैंकले रेमिट्यान्स आप्रवाहमा १६ दशमलव पाँच प्रतिशतले वृद्धि भएको जनाएको छ ।

अघिल्लो आ.व. २०७९/८० मा रेमिट्यान्स त्यसभन्दा अघिल्लो वर्षको तुलनामा १३ दशमलव नौ प्रतिशतले बढेको थियो । गत वर्ष वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारको संख्यामा ठूलो कटौती भएको छ । त्यसले रेमिट्यान्स आप्रवाहमा केही कमी ल्याएको छ ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिने नेपालीको संख्या ४ लाख ६० हजार १ सय ३ र पुन: श्रम स्वीकृति लिनेको संख्या २ लाख ८१ हजार १ सय ९९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा उक्त संख्या क्रमश: ४ लाख ९७ हजार ७ सय र २ हजार ७७ हजार दुई सय ७२ रहेको थियो ।

वैदेशिक रोजगार व्यवसायीले सरकारले वैदेशिक रोजगार क्षेत्रबाट आएको रेमिट्यान्स गन्दै उपलब्धि भन्ने तर यस क्षेत्रमा रहेका वर्षौंदेखिका समस्या समाधान नगर्ने भन्दै परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालय मातहत निकायको कार्यशैलीको बारम्बार आलोचना गर्दै सुधारको माग गरिरहेका छन् ।

दूतावासहरुले मागपत्र प्रमाणीकरण नगरिदिँदा युरोपेली मुलुकमा जाने वार्षिक करिब ५० हजार नेपाली कामदार असुरक्षित मानिने कन्सल्ट्यान्सीहरूबाट गइरहेको व्यवसायीहरू बताउँछन् । परम्परागत श्रम गन्तव्यका रूपमा पृष्ठ २ मा

## विभागको नयाँ महानिर्देशकमा खत्री



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागको महानिर्देशक परिवर्तन गरेको छ । मन्त्रालयले विभागको महानिर्देशकमा डण्डुराज घिमिरेलाई हटाएर सूर्यबहादुर खत्रीलाई जिम्मेवारी दिइएको छ ।

खत्री हालै गृह मन्त्रालयबाट सरुवा भएर श्रम मन्त्रालय आएका सहसचिव हुन् । खत्री यसअघि जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको प्रमुख जिल्ला अधिकारी थिए । घिमिरे पृष्ठ २ मा

# बढ्यो विदेशी विनिमय सञ्चिति

दुई वर्षअघि नेपालमा ७ महिनालाई धान्ने मात्र विदेशी सञ्चिति थियो । अहिले २० खर्ब ४१ करोड विदेशी सञ्चिती पुगेको छ । जसले १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २ साउन ।

विदेशी विनियम निरन्तर बढ्दै जाँदा मुलुकको अर्थतन्त्र बलियो भनेको छ । दुई वर्ष अघि २०७९ जेठ मसान्तमा ११ खर्ब ७६ अर्ब ८४ करोड रहेको बिदेशी सञ्चिती अहिले २० खर्ब ४१ करोड पुगेको छ । दुई वर्ष अघि सात महिनालाई मात्र धान्ने विदेशी सञ्चिति हुँदा देश श्रीलंका बन्ने खतरा बढेको भन्दै आयातमा कडाई गरिएको थियो ।

नेपाल राष्ट्र बैंकले विदेशी मुद्राको सञ्चिति बढाउन अत्यावश्यक वस्तु तथा सेवा बाहेकको आयातमा कडाई गर्नु परेको थियो । २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले बढेर २०८१ असार मसान्तसम्ममा २० खर्ब ४१ अर्ब १० करोड पुगेको हो । अमेरिकी डलरमा विदेशी सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ असार मसान्तमा ३०.४ प्रतिशतले वृद्धि भई १५ अर्ब २७ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।



कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा १३ अर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८१ असार मसान्तमा ३७.४ प्रतिशतले बढेर १८ खर्ब ४८ अर्ब ५५ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा १ खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ असार मसान्तमा ०.५ प्रतिशतले घटेर १ खर्ब ९२ अर्ब ५५ करोड पुगेको छ । २०८१ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

दुई वर्ष अघि सात महिनालाई मात्र वस्तु तथा सेवा आयात धान्न सक्ने नेपालको अर्थतन्त्र अहिले दोब्बरले सञ्चिति बढेको छ । आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने भएको छ । २०८१ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनको ३५.८ प्रतिशत रहेको छ ।

यस्तै समीक्षा वर्षमा शोधनान्तर स्थिति ५ खर्ब २ अर्ब ४९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति २ अर्ब ८५अर्ब ८२ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ । विदेशी पृष्ठ २ मा

### भुटानी शरणार्थी प्रकरण

# बेचन झा पुर्पक्षका लागि थुनामा



**काठमाडौं/मस-** नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका बेचन झा पुर्पक्षका लागि कारागार चलान भएका छन्। काठमाडौं जिल्ला अदालतका न्यायाधीश तीर्थराज केसीको इजलासले झालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो।

सरकारी वकिलको कार्यालयले साउन २९ गते झाविरूद्ध ठगी, लिखत कीर्ते, राज्यविरूद्ध र संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा दायर गरेको थियो।

भारतको नागरिकतासमेत रहेको दाबी गरिएका झाको नेपाली ठेगाना भने पर्साको वीरगञ्ज उपमहानगरपालिका-७ रहेको छ।

गत असार १४ गते बेचन झालाई प्रहरीले पक्राउ गरेको थियो। नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका रामशरण केसीले दिएको बयानले उनको संलग्नता रहेको भनिएको थियो। तर झा फरार रहँदै आएका थिए। यसअघिको अनुसन्धानमा जिल्ला प्रहरी परिसर काठमाडौंले ठेगाना नखुलेको भनेर प्रतिवादी पनि बनाएको थिएन।

रामशरण केसीले आफूलाई यस प्रकरणका मुख्य व्यक्ति सानु भण्डारीले मन्त्रिपरिषदबाट निर्णय गराउनका लागि झाले रकम माग गरेको भन्ने बयान दिएका थिए। उनीसँग प्रहरीले पुनः कागज समेत गराएको थियो।

'मैले २०७८/०८/८ गते राति ८ बजे मेरो नामको हिमालयन बैंकको खाताको दुई करोडको चेक लिने बेचन झा नाम गरेका व्यक्ति हाल मेरो सामुन्ने उपस्थित भएका यिनै व्यक्ति हुन्,' केसीले गरेको कागजमा उल्लेख छ, 'उनी त्यतिबेला बानेश्वरमा बस्थे। भुटानी शरणार्थीको नाममा नेपालीहरूलाई अमेरिका लैजानका लागि २०७८/०८/१३ गतेको मन्त्रिपरिषदको बैठकबाट केही निर्णयहरू हुन लागेको छ, उक्त निर्णय गराउन झाले केही रकमहरू मागेका छन् उनलाई चेक काटेर दिनु सो चेक ग्यारेन्टीको लागि मात्रै हो। चेक नदिए काम हुँदैन भनेर मलाई सानु भण्डारीले भनेका थिए।'

त्यसपछि उनले दुई करोडको चेक झालाई नै दिएको बताएका छन्। त्यसको भिडिओ समेत रहेको र त्यतिबेला उनले निलो रंगको ट्र्याकमा बाहुला र सुरूवालको साइडमा सेतो धर्का भएको कपडा र स्पोर्ट जुत्ता र सेतो रंगको टोपी लगाएको बयानमा भनेका छन्।

त्यसपछि मन्त्रिपरिषदको बैठकको निर्णय भए/नभएको भन्नेबारे बुझ्न पनि आफूले उनीसँग कुराकानी गरेको बताएका छन्। त्यसको अडिओ पनि प्रहरीलाई बुझाएका छन्।

सो बैंक ग्यारेन्टी बापतको नगद रकम झाले अर्का प्रतिवादी हरिभक्त महर्जनबाट पनि लिएको केसीले बताएका छन्।

बेचन झाले भने नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो संलग्नता नभएको दाबी गरेका छन्। उनले भुटानी शरणार्थीसम्बन्धी आफूलाई केही जानकारी नभएको बताएका छन्।

# आज जनैपूर्णिमा, रक्षाबन्धन धारण गरेर मनाइँदै



**काठमाडौं/मस-**प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नवयज्ञोपवीत जनै एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ। आजका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र (डोरो) बाँध्छन्।

रक्षाबन्धन गर्दा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए।

मानव रक्षाका लागि जप, तप र पूजागरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ। गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै र रक्षासूत्र धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार मुलुकका विशिष्ट व्यक्तिले मात्र भद्रा कटाइ दिनको १:३१ बजेपछि रक्षाबन्धनको कर्म गर्नु मुनासिव हुनेछ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी अत्यन्त बलशाली दानवराज बलिसमेत बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए। सोही पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा निरन्तर छ।

यसैदिन ब्राह्मण, क्षेत्री र वैश्यगरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवित) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनितो गरी बसिन्छ।

यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन्। यसलाई श्रावणी स्नान पनि भनिन्छ। स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिलाई तर्पणगरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै फेरिन्छ।

अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ।

वैदिक गुरु परम्पराअनुसार जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ। रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुरस्थित अशोकविनायक, वाग्मती नदी किनार र मठमन्दिरमा भक्तजनको भीड लागेको छ।

**क्वाँटी खाने दिन**

जनैपूर्णिमाका दिन ११ थरीका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ। यसरी क्वाँटी बनाइ खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ।

नेपालको तराईक्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ। यसबाट दिदीबहिनी र दाजुभाइबीच प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ।

काठमाडौंको उत्तरपूर्वी भेगमा रहेको मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवं नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी र कुण्डमा आज बिहानैदेखि मेला लाग्ने गर्छ। जनैपूर्णिमाका अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ।

## भिं द्यो पूजा मंगलबार हुने

**ललितपुर/मस-**सुनाकोठी क्षेत्रको विकास तथा ललितपुरलाई नै साँस्कृतिक एवं धार्मिक र पर्यटकीय स्थलका रुपमा विश्वसामु परिचित गराउने उद्देश्यले स्थापना गरिएको सम्भवत विश्वकै सबैभन्दा अग्लो आराध्यदेव भिंद्यो अर्थात भीमसेनको सातौं स्थापना दिवस तथा भिं द्यो पूजा भदौ ११ गते मंगलबार हुने भएको छ।

सुनाकोठी समाजले वार्षिक रुपमा आयोजना गर्दै आएको भीमसेन जात्रालाई भविष्यमा पनि निरन्तरता दिइने आयोजक सुनाकोठी समाजका बिनोद डङ्गोलले बताए।

डंगोलले मच्छेगाउँको एउटा खोंचबाट ल्याइएको ६० टनको सिङ्गो ढुङ्गाबाट धेरै मेहनतपछि भीमसेनको मूर्ति बनाउन सफल भएको जानकारी गराए।

सुनाकोठीमा भव्य तामझामका साथ सातौं वार्षिक उत्सव मनाउने तयारी अन्तिम चरणमा रहेको आयोजक समितिका सदस्य तथा गायक रुपेश डंगोलले जानकारी दिए।

## खजुरामा २२ जनाले गरे रक्तदान



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २ भदौ

राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन बाँकेको आयोजनामा सुशील प्रखर क्यान्सर हास्पिटल खजुरामा २२ जनाद्वारा रक्तदान गरिएको छ।

आयोजित रक्तदान कार्यक्रम सुमन पौडेलको संयोजकत्वमा सम्पन्न भएको थियो। उक्त कार्यक्रमको अध्यक्षता युवराज शाहीले गरेका थिए। रक्तदान कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेश सभा सदस्य मीना श्रेष्ठ, राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनका क्षेत्रीय अध्यक्ष तारा सिंह थारु, युवराज शाही लगायतले रगत संकलन गर्ने पाकेट नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार इकाई केन्द्र खजुराका प्रमुख होमराज गिरीलाई हस्तान्तरण गरेका थिए। कार्यक्रममा सुशील प्रखर क्यान्सर हास्पिटल खजुरामा रहेको नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार इकाई केन्द्र खजुराका प्रमुख होमराज गिरी, महेश राना क्षेत्री, पुनम राना, शंकर पुन, श्रृष्टि गौतम, शर्मिला रोकायाले प्राविधिकमा सहयोग गरेका थिए।

## वडाध्यक्षमाथि यौन शोषणको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ भदौ

रौतहटको मौलापुर नगरपालिका वडा नम्बर ९ सोनरनियाका निर्वाचित वडाध्यक्षमाथि यौन शोषणको आरोप लागेको छ।

विवाहको प्रलोभन दिएर विगत ५ वर्षदेखि वडा अध्यक्ष श्यामकिशोर साहले यौन शोषण गर्दै आएको पीडित भनिएकी महिलाले बताएकी छन्।

आइतबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै जग्गा बिक्रीको सिलसिलामा गएको बेला अरुबाट मोबाइल नम्बर मागेर फोन गरेको र सम्बन्धमा बस्न तथा विवाह गर्न प्रस्ताव गरेको बताइन्। उनले वडाअध्यक्षले २ वर्षसम्म वीरगन्जमा राखेको पनि बताइन्।

दोस्रो स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट निर्वाचित भएका साहले विवाह गरेर आफ्नो घरमा राख्न नमानेकोले न्यायको लागि मिडियाको सहारा लिएको पीडितले बताइन्। उनले वडाअध्यक्षसँगको सम्बन्धका कारण ३ पटक गर्भपतन गरेको बताइन्।

वीरगन्जमा राखेर घर खर्च समेत दिँदै आएका वडा अध्यक्ष साहले अहिले घरमा राख्न तथा खर्च दिन समेत छाडेको उनले बताइन्। न्यायको लागि ईलाका प्रहरी कार्यालय मौलापुरमा उजुरी दिँदा दबाबमा उजुरी नलिएको उनले बताइन्।

उनले भनिन्, 'मेरो लोग्नेले पनि छोडिदिए। विवाह गरेका वडा अध्यक्ष साहले पद र पावरको दम्भमा बेवास्ता गरे।'

शारीरिक शोषण, मानसिक यातना, शारीरिक यातना दिने गरेको वडा अध्यक्ष साहमाथि कानूनी कारबाही गर्नुको साटो प्रहरीले राजनीतिक दबाबमा मिलापत्र गरेको महिलाले बताइन्।

वडा अध्यक्ष साहले ७ लाखको चेक दिएपनि सो चेक कार्यपालिका सदस्य आश महमदले नै राखेको बताइन्। आफ्नो हक अधिकार र न्यायको लागि आवाज उठाउँदा ज्यान मार्ने धम्की दिने गरेको उनले सुनाइन्। वडा अध्यक्ष साहले भने राजनीतिक विषय लिएर केही विपक्षीले आफुलाई बदनाम गराउने उद्देश्यले झूठो आरोप लगाउन लागेको दावी गरे।

### पेलेरै...

निष्कर्ष समेटिएको छ। पार्टीको वर्तमान अवस्थाको जिम्मेवारी लिएर प्रचण्डले अध्यक्ष छोड्नुपर्ने शर्माको निष्कर्ष थियो। अध्यक्ष छोड्न शर्माले प्रचण्डलाई तीन विकल्प दिएका थिए। तीन वटै विकल्पमा प्रचण्डले अध्यक्ष छोडेर मात्र पार्टी पुनर्निर्माण हुने शर्माको निष्कर्ष छ। शर्माको पत्रले पार्टीभित्रै ठूलै हलचल ल्याएको छ। तर प्रचण्डले स्थायी समिति बैठक समापन गर्दै शर्मासँग कुरा मिलिसकेको बताएका थिए। शर्माले पार्टी फुटाउँदैछ भन्ने हल्ला अन्त्य भएको प्रचण्डले बताएका थिए। यसको अर्थ प्रचण्डले शर्मालाई पेलेर जाने बैठक समापनकै क्रममा गरेका थिए। आइतबार एक्लौटी सर्कूलर जारी गरेर प्रचण्डले जनार्दन शर्मालाई पेलेर जाने अनुमानलाई थप पुष्टि गरेका छन्।

### डराइहाल्नु...

उनले शरीरमा फोका उठेपछि मात्र संक्रमण भएको हो कि भनेर जचाइने प्रवृत्ति आम नागरिकमा हुने भएकाले यसमा सुधार गर्न पनि आग्रह गरे।

### मलेसिया...

रहेका खाडीका देश र मलेसियाको विकल्प क्रोएसिया, रोमानिया, पोर्चुगलजस्ता देशहरू रहे पनि नेपाली दूतावासहरूको मागपत्र प्राणीकरणमा रहेको उदासीनताले असुरक्षित वैदेशिक रोजगारलाई प्रश्रय दिएको र नेपाल आउने रेमिट्यान्स हुण्डीजस्ता अनौपचारिक क्षेत्रमा गएको उनीहरूको भनाइ छ।

### विभागको...

२०८० पुस १३ गते महानिर्देशकको जिम्मेवारीमा गएका थिए।

निवर्तमान महानिर्देशक घिमिरे शुरूमा व्यवसायीका वास्तविक समस्या बुझ्ने र त्यसको व्यवहारिक समाधानका लागि स्वतस्फूर्तरूपमा अग्रसर भएपनि श्रममन्त्रीमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डोलप्रसाद अर्यालले दोहोरिएर आएपछि व्यवहारिक भन्दा सबै विषयमा टर्रो प्रशासिनक शैली अपनाएको केही व्यवसायीहरुको टिप्पणी छ।

### बढ्यो ...

मुद्रा सञ्चिति र शोधनान्तर स्थिति बढ्दा नेपालको अर्थतन्त्र सबल बन्दै गएको छ।

दुई वर्ष अघि मुलक संकटमा जाने हो की भन्ने चिन्ताले अर्थतन्त्र समेत मन्दीमा गएको थियो। अहिले अर्थतन्त्र बलियो बन्दा मन्दीमा रहेको अर्थतन्त्रलाई माथि ल्याउन सहयोग गर्ने देखिन्छ।

# विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउन कार्यविधि तयार



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २ भदौ

बझाङमा सञ्चालित गैरसरकारी संस्था प्रगतिशील युवा समाजको आयोजनामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि निर्माण तथा छलफल कार्यक्रम चैनपुरमा सम्पन्न भएको छ।

वर्ल्डभिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा जयपृथ्वी नगरपालिकामा सञ्चालित 'विद्यार्थीहरुका लागि प्रविधि मैत्री शिक्षा सिक्ने अवसर' (टेलस) परियोजना अर्न्तगत विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि निर्माण तथा छलफल भएको हो।

कार्यक्रममा जयपृथ्वी नगरपालिकाका शिक्षा शाखा प्रमुख निरज प्रसाद रेग्मीले टेलस परियोजनाले नगरपालिकाका ८ वटा विद्यालयमा स्थापना गर्दै गरेको आइसिटी ल्याबले विद्यार्थी लगायत शिक्षक तथा अभिभावकलाई प्रविधिसँग नजिक गराउने बताए। साथै उनले नगरपालिकाबाट पनि आवश्यक सहयोग उपलब्ध गराउने बताए।

कार्यक्रममा प्रगतिशिल युवा समाजका अध्यक्ष रमेश केसीले सञ्चार र प्रविधिको युगमा विद्यार्थी तथा आम नागरिकले प्रविधिमा अगाडि बढ्न जरुरी भएको बताए। उनले भने,'खासगरी दूरदराजका ग्रामीण सामुदायिक विद्यालयले कम्प्युटर तथा इन्टर नेटको पहुँच पुऱ्यनउन सकेका छैनन्। इन्टरनेट जोडेकामा पनि सेवाको निरन्तरता छैन्। कतिपय विद्यालयमा 'राउटर' बिग्रिएपछि मर्मत नै नभइ थन्किएको छ, भने कतिले 'वाइफाइ' को मासिक महसुल नतिरेको अवस्था छ। कतिपय विद्यालयमा शिक्षकले 'फेसबुक', 'म्यासेन्जर' चलाउँछन् भनेर जोडिएको इन्टरनेट पनि काटिएको सुन्नमा आउँछ।'

'विद्यालयहरुमा विभिन्न स्रोतबाट कम्प्युटर किनिन्छन्। ती किनिएका कम्प्युटर एउटा कोठामा सजाएर राखिन्छ। केही दिन तामझाम जस्तो हुन्छ। केही दिनपछि कुनै कम्प्युटरका 'माउस' हुँदैनन्, कुनैका 'किबोर्ड' हुँदैनन्, कुनै बिग्रेका हुन्छन्, कुनैका तार मुसाले खाएका अवस्थामा भेटिन्छन् यस्तो अवस्था नआउन दिनको लागि उचित जनशक्ती व्यवस्थापन गर्न पनि जरुरी रहेको अध्यक्ष केसीको भनाइ छ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वर्ल्डभिजन इन्टरनेशनल नेपालका जमुना श्रेष्ठले जयपृथ्वी नगरपालिकाका आठ वटा विद्यालयमा लागु भइरहेको टेलस परियोजनाले विद्यालयमा बन्दै गरेको आइसिटी ल्याबको सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि निर्माण गर्न कार्यक्रमको आयोजना गरिएको बताइन्।

कार्यक्रममा जयपृथ्वी नगरपालिकाका पाण्डु माध्यामिक विद्यालय, भवानी माध्यामिक विध्यालय, निलकट्टी माध्यामिक विद्यालय, सुनिपिपलचौर माध्यामिक विद्यालय, बालविकास माध्यामिक विध्यालय, सुर्मा आधारभूत विद्यालय, नारायण माध्यामिक विद्यालय र शिशु आधारभुत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका अध्यक्ष तथा प्रतिनिधि, कम्प्यूटर शिक्षक, बाल क्लबका अध्यक्ष लगायत प्रतिनिधिहरु गरी ६० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि निर्माण गरिएको हो।

सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, विद्यार्थीहरूको रुची बढाउन र शैक्षिक गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने कार्यक्रममा सहभागी भवानी माध्यामिक विद्यालय नौराका शिक्षक श्याम परियारले बताए। उनले भने, 'आइसिटी सामुदायिक विद्यालय शिक्षामा सुधार ल्याउन सक्ने एक शक्तिशाली उपकरण हो। आजको बालक जन्मेदेखिनै प्रविधिमैत्री आचारण र दिमाग लिएर जन्मेको हुन्छ। जुन उसको खाना खुवाउँदादेखि अन्य क्रियाकलापबाट सहजै अनुमान गर्न सकिन्छ। यसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, विद्यार्थीहरूको रुची बढाउन र शैक्षिक गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।'

कार्यक्रममा बोल्दै जयपृथ्वी नगरपालिका-६ का वडाअध्यक्ष नरेन्द्र बहादुर सिंहले भने,'आज पनि विद्यालयमा विद्यार्थीले शुल्क बुझाउन जाँदा उही पुरानो तरिकाको रसिद काटेर दिने प्रचलन छ। विद्यार्थीलाई 'मार्कसिट' वा 'चारित्रिक प्रमाणपत्र' वा अन्य कागजात बनाउँदा पनि कम्प्युटर तथा इन्टरनेटको प्रयोग भएको पाइँदैन। शिक्षा मन्त्रालयले तयार गरेका कतिपय सप्टवेयर पनि विद्यालयमा चलाउन नसकेको अवस्था छ। विद्यार्थी मूल्याकंनको क्षेत्रमा त झन् प्रविधिको प्रयोग धेरै प्रभावकारी हुनेतर्फ हाम्रो ध्यान गएको थिएन् यसका लागि अब वडाबाट हुने सहयोग म प्रतिबद्ध छु।'

संस्थाले टेलस परियोजना लागु भएका जयपृथ्वी नगरपालिका अन्तर्गत पाण्डु माध्यामिक विद्यालय, बालविकास माध्यामिक विद्यालय सुनिपिपलचौर माध्यामिक विध्यालय र निखट्टी माध्यामिक विद्यालयमा गरी ४ वटा विद्यालयमा २१-२१ वटा कम्प्युटर दिने भएको छ। भवानी माध्यामिक विद्यालय र नारायण माध्यामिक विद्यालय १७-१७ वटा, सुर्मा आधारभूत विद्यालय र शिशु आधारभूत विद्यालयमा १३-१३ वटा गरी १४४ वटा कम्प्युटर सहयोग गर्ने सामाजिक परिचालक उमेश विष्टले जानकारी दिए।


**Saudi Arab मा रोजगार** | कम्पनी: GLOBAL DHIYA CONTRACTING EST. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७५७ L.T. No.: 309059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: IBRAHIM ZAYED SAAD AL OTAIBI CONTRACTING COMPANY शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७५८ L.T. No.: 309060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. २३५/०५८/०५९

**Crown Employment Consultant Pvt. Ltd.**
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: SAPAC - Saudi Pan Kingdom for Trade, Industry and Contracting Co शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७४७ L.T. No.: 309074

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavation Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Ibrahim Hassan Muidh Al Zahrani Maintenance and Finishing Establishment शहर: Dammam

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७४८ L.T. No.: 309075

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नंः ०१-५३८२५९०
शाखा कार्यालयः सृजनाचोक, पोखरा । सम्पर्क :०६१-५७१५६३, ९८२९१४३८०१

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन संशोधन गर्न माग



**काठमाडौं/मस–** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, अन्तर्राष्ट्रिय महासन्धि 'पालेर्मो प्रोटोकल'अनुसार संशोधन गर्नुपर्ने सरोकारवालाको माग रहेको छ।

संयुक्त राष्ट्रसंघले अन्तरदेशीय संगठित अपराधलाई संयुक्त रुपमा सम्बोधन गर्न अन्तरदेशीय संगठित अपराधविरुद्ध महासन्धि जारी गरेको थियो । तीनवटा 'प्रोटोकल' समेटिएको 'पालेर्मो प्रोटोकल'लाई नेपालले १६ जुन २०२० मा अनुमोदन गरेको थियो ।

प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको आइतबारको बैठकमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) ले उक्त ऐन संशोधनका बुँदा प्रस्तुत गरेको थियो।

मानव बेचबिखनविरुद्ध काम गर्ने ४४ वटा संस्थाको संगठित समूह (एटविन) का कार्यकारी निर्देशक बिनु माया गुरुङले ऐनको परिभाषा नै संकुचित रहेको बताइन्।

उनका अनुसार ऐनमा महिलाको शारीरिक बेचबिखन मात्रै मावन बेचबिखनमा साँघुरो पारिएको छ। यसलाई 'पालेर्मो प्रोटोकल'मा उल्लेख गरे जस्तै, श्रम शोषणबारे पनि सम्बोधन गरिनुपर्ने उनको भनाइ छ। पीडितको गोपनीयता, बाल अधिकार, बाल शोषणजस्ता विषयमा ऐन संशोधनको आवश्यकता रहेको उनले उल्लेख गरिन्।

बैठकमा गृहन्त्रालयका निमित्त सचिव चक्रप्रसाद अधिकारीले समयसापेक्ष मानव बेचबिखनका तरिका फेरिँदै गएको र यसको न्यूनीकरणमा सरोकारवाला, राज्य र प्रहरी संयन्त्रसहित सबैको दायित्व हुने बताए।

समितिका सदस्यहरुले मानव बेचबिखन नियन्त्रणका उपायबारे सुझाव दिनुभएको थियो । अधिकांश सांसदले सीमा क्षेत्रमा कडाइ गर्न सके धेरै हदसम्म बेचबिखन न्यूनीकरण गर्न सकिने धारणा राखेका थिए । सांसद जावेदा खातुनले मानव बेचबखिनको सबैभन्दा जोखिम भारत खुल्ला सिमाना क्षेत्र भएको बताउँदै नियन्त्रणका लागि सिसी टिभीको निगरानी र परिचयपत्र अनिवार्य रुपमा हेर्नुपर्ने सुझाव दिए । सांसद रोशन कार्कीले सीमामै कडाइ गर्न गृहमन्त्रालयले जोड दिनुपर्ने बताए। सांसद ईश्वरबहादुर रिजालले नियन्त्रण संयन्त्र बलियो बनाउनुका साथै जनचेतना र रोजगार सिर्जना गर्नेतर्फ राज्य तत्पर हुनुपर्ने बताए।

## दुर्घटनामा एक जनाको मृत्यु, १९ घाइते




**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २ भदौ

उदयपुरमा उइङ्गर दुर्घटनामा एक जनाको भएको छ भने १९ जना घाइते भएका छन्। गाईघाटबाट सिरहाको लहान जाँदै गरेको ना १ ज ९२७९ नम्बरको उइङ्ग आइतबार त्रियुगा नगरपालिका ६ जल्जले चुरिया माइ डाडाँको ओरालोमा ब्रेक फेल भइ दुर्घटना भएको हो। दुर्घटनामा गाडी ३० मिटर तल झर्दा १ जनाको मृत्यु हुनुका साथै १९ जना यात्रु घाइते भएका जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

मृत्यु हुनेमा त्रियुगा नगरपालिका ३ मोतिगडा बस्ने वर्ष ५० की गीता कार्की रहेको प्रहरीले जनाएको छ। घाइतेहरुको जिल्ला अस्पताल उदयपुरमा उपचार भइ रहेको छ। घाइते दिपेन्द्रकुमार यादबको हात भाँचिएको छ। अन्य सामान्य घाइते भएका छन्। ५ जना डिस्चार्ज भइसकेका छन्। चालक भने फरार रहेको प्रहरीले जनाएको छ।

## १५ लाख बढीको अवैध सामान बरामद






**मध्यान्ह संवाददाता**
रौतहट, २ भदौ

रौतहटस्थित प्रहरीको गस्ती टोलीले १५ लाख रुपैयाँभन्दा बढीको अवैध सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय र मातहतका इकाहरुले जिल्लाको विभिन्न नाका हुँदै भान्सार छलेर भित्र्याइएको सामानहरू बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता डीएसपी एलिजा गिरीका अनुसार प्रहरी टोलीले १ लाख ७४ हजार ९ सय ९६ रुपैयाँ बराबरको लत्ताकपडा, ३ लाख ७४ हजार २७३ बराबरको किराना सामान, ४ लाख ४० हजार हुन्डीको रकम, ४ लाख ७४ हजार २२० बराबरको दुई वटा मोटसाइकलसहित ५५ हजार ९ सय ८० रुपैयाँ बराबरको हार्डवेयर सामान बरामद गरेको छ। बरामद सामानहरू आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जानकारी दिएको छ।

# नागरिकलाई सहजरुपमा स्वास्थ्य सेवा प्रवाह गर्न निर्देशन




**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ भदौ

सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा प्रवाह गर्नु नगरपालिकाको पहिलो प्राथमिकता भएको बताएका छन्।

सन्धिखर्क नगरपालिका स्वास्थ्य शाखाले सन्धिखर्कमा आयोजना गरेको समीक्षा गोष्ठीको उद्घाटन गर्दै अधिकृत भुसालले अहिलेको पहिलो विषय र ध्यान स्थानीय सरकार सन्धिखर्क नगरपालिकाको नागरिकलाई सहज रुपमा सेवा सुविधा दिने रहेको बताए।

वडामा रहेका स्वास्थ्य संस्थाहरुबाट अहिले भएको स्रोत र साधनको अधिकतम प्रयोग गरेर सेवालाई प्रभावकारी बनाउन आग्रह गर्दै भुसालले 'पहिलो विषय नागरिकलाई स्वास्थ्य सेवा प्रवाह गर्ने भएको बताए।

उनले स्वास्थ्य संस्थालाई थप गुणस्तरीय र आधुनिक बनाउन योजनाबद्ध रुपमा नगरपालिकाले काम गरिरहेको बताए।

अहिले रोग लागिरहेका नागरिकलाई कसरी स्वास्थ्य सेवा दिनेतर्फ बढी ध्यान दिनुपर्ने भन्दै निरोगी नगरपालिका उपचार पद्धतिका साथै स्वस्थ जीवनशैलीका लागि आवश्यक सावधानी अपनाउने नगरपालिकाले योजना बनाएको पनि सुनाए।

'नगरपालिकाभित्र रहेका वडा स्वास्थ्य चौकीबाट सरकारी सेवा गर्न नसकेको होइन, आफ्नो सेवालाई प्रभावकारी बनाउन नसकेको हामिले बुझेका छौं' उनले भने। नागरिकको स्वास्थ्यप्रति जिम्मेवारी बहन गर्नु स्वास्थ्यकर्मीको दायित्व रहेको उनले दाबी गरे।

'अतिरिक्त समयमा काम गरेर भएपनि नागरिकलाई सेवा दिऔं, त्यसबापतको गर्नुपर्ने सहयोग नगरपालिकाले गर्नेछ' उनले भने,'समीक्षा गोष्ठीको रिपोटिङ सुन्दा नगरपालिका भित्रका स्वास्थ्य चौकीहरुले आफूले सोचेभन्दा व्यवस्थित रुपमा सेवा प्रवाह गरेको पाए पनि अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।'

कार्यक्रममा अर्घाखाँची अस्पतालका प्रमुख मेडिकल सुपेरिटेन्डेन्ट डा.जगन्नाथ तिवारीले अर्घाखाँची अस्पतालको अहिलेको अवस्था, समस्या र आगामी योजनाका बारेमा जानकारी गराएका थिए।

डा.तिवारीले सरकारी अस्पतालमा जनताको विश्वास बढ्दै गएको बताउँदै अस्पतालमा बजेट अभाव रहेका कारण नि:शुल्क औषधि वितरण गर्न समस्या भएको गुनासो गरे। डाक्टर तिवारीले भने, 'प्रदेश सरकारले ९० सरकारले औषधी ९० प्रकारका औषधी नि:शुल्क वितरण गर्ने भन्छ, तर बजेट औषधी नपठाउने गरेका कारण समस्या उत्पन्न भएको छ।'

डाक्टर तिवारीले अब स्थानीय सरकारले अस्पतालको लागि पनि बजेट विनियोजन गर्नुपर्ने बताए।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यलयका प्रमुख शिव नेपालीले स्वास्थ्य कार्यालयले दिने सेवाहरुका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा सन्धिखर्क नगरपालिका स्वास्थ्य शाखा प्रमुख पुर्ण पराजुलीले नगरपालिकाभित्र र आधारभूत स्वास्थ्य संस्थामा गरिएको अनुगमन, नगरभित्रका स्वास्थ्य केन्द्रहरुको अवस्था,बजेट र खर्चको अवस्था तथा वित्तीय प्रगति विवरण, सम्पन्न हुन नसकेको कार्यक्रमहरु, स्वास्थ्य संस्थालाई आवश्यक औषधी तथा उपकरणको अवस्थाको साथै सेवाग्राहीलाई दिने सेवाको अवस्था, स्वास्थ्य केन्द्रले दिने सेवा सुविधा खोप, सुत्केरी, गर्भपतन, परिवार नियोजनका साथै जनस्वास्थ्यको अवस्था बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा डिभर्ना स्वास्थ्य चौकी इन्चार्ज यादव पाण्डे, डिभर्नाञ आयुर्वेद औषधालयका प्रमुख तिलक जङ जनैदार, बराहनेटा आधारभूत स्वास्थ्य केन्द्र इन्चार्ज सुर्य बहादुर जिसी, नरपानी स्वास्थ्य चौकी इन्चार्ज श्रवण पन्थी, वाङ्ला स्वास्थ्य चौकी इन्चार्ज मिनराज पौडेल, अर्घा स्वास्थ्य चौकीका हिमराज भट्टराई, किमडाँडा स्वास्थ चौकीका छबिलाल भुसाल, मथुरा आधारभूत स्वास्थ्य केन्द्रका युवराज खनाल, झेडि आधारभूत स्वास्थ्य केन्द्रका सपना नेपाली, धरमपानी आधारभूत स्वास्थ्य केन्द्रका जेलिना केसी, कुर आधारभूत स्वास्थ्य केन्द्रका केशरा राना खाँचिकोट, स्वास्थ्य केन्द्रका प्रेम चन्द्र वि.कले आफ्नो कार्यालयको तर्फबाट प्रस्तुतीकरण गरेका थिए। कार्यक्रम जनस्वास्थ्य निरीक्षक प्रकाश परियार सञ्चालन स्वास्थ्य, शाखा प्रमुख पूर्ण पराजुलीले स्वागत मन्तव्यमा राखेका थिए।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO TAXI LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/०४ — चलानी नं.: ६०२२१४३१ — LT. No.: 306659 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver | 100 | 0 | स. काममा दक्ष | 1600 | ५८,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता रेड कार्पेट होटल, चितवनमा २०८१ भदौ ९ गते (25 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

कम्पनी : AL AHWAL AL JAYEDAH TECH. CONT. LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/०२ — चलानी नं.: ६०२२३७५४ — LT. No.: 309127

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ductman | 1 | 0 | | 1800 | ६५,६६४ | | | | | | | |
| 3. | Electrician - Building | 2 | 0 | | 1800 | ६५,६६४ | | | | | | | |
| 4. | Helper | 1 | 0 | | 1800 | ६५,६६४ | | | | | | | |
| 5. | Plumber | 2 | 0 | | 1800 | ६५,६६४ | | | | | | | |

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/०२ — चलानी नं.: ६०२२३७५५ — LT. No.: 309128

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 200 | 0 | स. काममा दक्ष | 800 | २९,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LMP
Govt.Lic.No. 1679/080/81
**Leading Manpower Recruitment Services Pvt.Ltd.**
Mid baneshwor, Kathmandu, Nepal
Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428
Email: leadingmanpower.recruitnepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AHMED AQEEL DAWAI AL MATRAFI FOR CAR EST — शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०५/०२ — चलानी नं.: ६०२२३७५३ — LT. No.: 308992

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labor | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | १०,००० कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068
**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213.
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

## साउदीमा रोजगार

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY — शहर: Dammam
पुर्व स्वीकृत मितिः २०८१/०५/०२ — चलानी नं.: ६०२२३७५६ — L.T. No.: 309072

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker /labour | 70 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ७९०/०६५/०६६
**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१
Email : cv.protechnepal@gmail.com
Contact No: 9768404680 | 9863190516 | 9822793151 | 9805854406

## साउदीमा रोजगार

कम्पनी: Nawaf Bin Tami Bin Hadif Al Buqami Transport Establishment — शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०५/०२ — चलानी नं.: ६०२२३७५० — L.T. No.: 309141

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 4 | 0 | स. काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: LALA STAR TRAD. CO. — शहर: Dammam
पूर्व स्वीकृत मिति:२०८१/०४/३२ — चलानी नं.:६०२२३७२२ — LT. No.: 309089

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Mini Truck | 4 | 0 | स. काममा दक्ष | 1500 | ५३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ThinkBiz
Govt. Lic. No. 1608/079/080
**THINK BIZ INTERNATIONAL PVT. LTD.**
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
www.thinkbiz.com.com — info@thinkbiz.com.np — 01- 5914635

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. — Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# दिल्ली भ्रमणको महत्व

भारतीय विदेश सचिव विक्रम मिश्रीले नेपाल भ्रमण गरेलगत्तै परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा नयाँ दिल्ली पुगेका छन् । मिश्री र राणा दुवैको एकअर्का देशको पहिलो भ्रमण हो । भारतको विदेश सचिव नियुक्त भएलगत्तै मिश्रीले भुटानको भ्रमण गरेका थिए । भुटानपछि नेपाललाई प्राथमिकतामा राखेर मिश्रीले भ्रमण गरे । मिश्रीले परराष्ट्रमन्त्री डा.राणालाई भारत भ्रमणको निम्तो दिएका थिए । त्यही निम्तो अनुसार परराष्ट्रमन्त्री डा. राणा नयाँ दिल्ली पुगेकी हुन् । परराष्ट्रमन्त्री नियुक्त भएपछि डा.राणाको पहिलो विदेश भ्रमण हो । पहिलो विदेश भ्रमणका रूपमा डा. राणा नयाँ दिल्ली पुगेकी हुन् । सोमबार मन्त्री डा.राणाले भारतीय विदेश मन्त्री एस जयशंकर र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्ने कार्यक्रम तय भएको छ ।

परराष्ट्रमन्त्री डा.राणाको भारतीय प्रधानमन्त्री मोदी र विदेश मन्त्री जयशंकरसँग हुने भेटलाई चासोका साथ हेरिएको छ । किनकि तेस्रोपटक प्रधानमन्त्री भएपछि मोदीले नेपाल भ्रमण गरेका छैनन् । मोदीले मात्र नभएर विदेशमन्त्री जयशंकरले पनि नेपाल भ्रमण गरेका छैनन् । मोदीले जस्तै नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि विदेश भ्रमण गरेका छैनन् । गत ३१ असारमा तेस्रोपटक प्रधानमन्त्री बनेका ओलीले पहिलो विदेश भ्रमण अमेरिकाबाट सुरू गर्दैछन् । ओलीको विदेश भ्रमण परम्परा तोडेर हुँदैछ । किनकि नेपालका प्रधानमन्त्रीले प्रायः भारतबाट विदेश भ्रमण थाल्ने परम्परा रहँदै आएको छ । तर प्रधानमन्त्री ओलीले त्यो परम्परा तोड्दैछन् । यसअघि केही प्रधानमन्त्रीले मात्र पहिलो विदेश भ्रमण भारत बाहेकका देशबाट गरेका छन् ।

त्यसैले परराष्टमन्त्री डा.राणाको भारत भ्रमणलाई चासोका साथ हेरिएको छ । प्रधानमन्त्री ओलीले पहिलो विदेश भ्रमण भारतबाट नगरेपनि परराष्ट्रमन्त्री राणाले मोदीसँग दुई देशबीचको सम्बन्ध र वर्तमान सरकारबारे कुरा गर्ने प्रष्ट छ । प्रधानमन्त्री ओलीको सन्देश समकक्षी मोदीसामू राख्ने पनि प्रष्ट छ । त्यसैले यो भ्रमण चासोपूर्ण छ । अझ प्रधानमन्त्री ओलीको पृष्ठभूमिका कारणले पनि यो भ्रमण अर्थपूर्ण छ । किनकि ओली भारतीय स्वार्थलाई लगातार चुनौती दिदै आएका नेता हुन् । प्रधानमन्त्री ओलीले मुलुकको हितमा लिएको अडान स्वागतयोग्य नै छ । तर छिमेकी मुलुकसँग सम्बन्ध सुधार्नु दुवै तर्फका कार्यकारी प्रमुखको दायित्व पनि हो । त्यो दायित्व पूरा गर्नेगरी मन्त्री राणाको भ्रमणले बातावरण तयार पार्नु उचित हुन्छ । तर राजनीतिक अस्थिरता निम्त्याउने र मुलुकको अहितमा कुनैपनि बचनबद्धता गरिन हुन्न ।

# विश्व व्यापार प्रणालीमा सेवा र नेपाल

*नेपालको सन्दर्भमा सेवा व्यापारसम्बन्धी स्पष्ट नीति नभए पनि सेवा व्यापारको गहन भूमिकालाई कम मूल्याकंन गर्न सकिँदैन । नेपालले विदेशी लगानीको लागि खुल्ला गरेका विभिन्न सेवा क्षेत्रहरूबाट अपेक्षित लाभहरूमा थप रोजगारका अवसरहरू सिर्जना हुने, सेवा क्षेत्रको विकासँगसँगै थप पूर्वाधारहरू विकास हुने र थप वैदेशिक लगानी आकर्षण हुने भइरहेका छन् ।*

अग्रलेख



● डा. सुमन कुमार रेग्मी

नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गरेको साढे नौ वर्ष पूरा भइसकेको छ । नेपालको आर्थिक नीतिहरू विश्व व्यापार संगठनका प्रावधानअनुरूप बनाउँदै जाँदा नेपाललाई प्राप्त हुने अवसरहरूलाई फाइदामा परिणत गर्न चुनौती थपिँदै गएका छन् । अर्थतन्त्रको विकासमा सेवा व्यापारको योगदान दिन प्रतिदिन बढ्दै छ । नेपालको सेवा व्यापारमा संलग्नता बढ्दो छ । राष्ट्रको आन्तरिक सेवा व्यापारको क्षमता अभिवृद्धि गरी विश्व व्यापारमा नेपालको सेवा व्यापारमा विस्तार गर्न सरकारी, निजी र नागरिक समाजको प्रयास आवश्यक छ ।

विश्व सेवा व्यापारको महत्त्व बर्सेनि बढ्दै गएको छ । विकासोन्मुख मुलुकहरूमा सेवा व्यापारमा वृद्धि हुँदै गइरहेको छ । सेवा व्यापारले विकासोन्मुख मुलुकमा ३५ प्रतिशत रोजगारीको अवसर सिर्जना गरेको छ भने कूल गार्हस्थ्य उत्पादनमा ४५ देखि ५२ प्रतिशतसम्म योगदान गरेको छ ।

ग्याटको विभिन्न चरणमा भएका वार्ताहरूको विकास क्रमसँगै सेवा व्यापारलाई वस्तुसहितका व्यापारको परिधिभित्र ल्याउने अवधारणा सन् १९८० दशकमा आइपुग्दा कार्यान्वयनमा ल्याउन व्यापारिक नियमद्वारा सङ्गठित बनाउने प्रयास गरियो । बहुपक्षीय व्यापार प्रणालीमा विश्व व्यापार सङ्गठनको स्थापना सँगसँगै नियममा आधारित सेवा व्यापार सम्बन्धी सामान्य सम्झौताले प्रवेश पाएको देखिन्छ । सेवा व्यापारलाई नियमन गर्ने सामान्य सम्झौताका प्रमुख दायित्वहरूमा सामान्य दायित्वहरूअन्तर्गत अति सन्धि प्राप्त राष्ट्रको व्यवहार र विशिष्टकृत वार्ताद्वारा तय गरिएका दायित्वहरू अन्तर्गत सदस्य राष्ट्रको सूचिमा सूचिकृत सेवा क्षेत्र र उपक्षेत्र सम्बन्धमा परेका प्रतिवद्धताहरू पर्दछन् ।

सेवा व्यापार सम्बन्धी सामान्य सम्झौताका आधारभूत सिद्धान्तहरूमा राष्ट्रका व्यवहार, पारदर्शिता, राष्ट्रिय व्यवहार र प्रगतिशील उदारीकरण परेका छन् । सेवा व्यापार सम्बन्धी सामान्य सम्झौता परिचालन गर्न नियमहरू, अन्तर्राष्ट्रिय भुक्तानी र हस्तान्तरण, प्रत्येक सदस्य राष्ट्रका प्रतिबद्धता, गोपनियताका हक र सेवा व्यापारका दायराका प्रावधान पर्दछन् । उद्देश्यमूलक र युक्तिसंगत घरेलु नियमहरू सेवा व्यापारलाई प्रभाव वा नियन्त्रण गर्ने अति महत्त्वपूर्ण औजार हुन् । विदेशी प्रतिस्पर्धाको लागि एक पटक सरकारले सेवा क्षेत्र खोल्ने प्रतिबद्धता व्यक्त गरिसकेपछि सो सेवा आपूर्ति बापत भुक्तानीको लागि देश बाहिर सेवा शुल्क हस्तान्तरणको लागि सामान्यतया नियन्त्रण गर्न पाइँदैन । प्रत्येक सदस्य राष्ट्रले अन्य सदस्य राष्ट्रसँग वार्ताद्वारा तय गरिएका प्रतिविद्धताहरू अनिवार्य रूपमा पालना गर्नुपर्ने हुन्छ । देशमा सङ्कटकालीन अवस्था भएमा वा राजनीतिक, सामाजिक र भौगोलिक कारणले कुनै सूचना गोप्य राख्नुपर्ने भएमा पारदर्शिताको सिद्धान्तका बाबजुद पनि गोपनीयताको हक प्रदान गरिएको हुन्छ । सेवा व्यापारको क्षेत्रमा वित्तीय, दूरसञ्चार, पर्यटन, व्यावसायिक सेवा लगायत १२ सेवा क्षेत्र र १५५ उपक्षेत्र पर्दछन् ।

सेवा व्यापारसम्बन्धी सामान्य सम्झौताको केही विशेषताहरूमा सेवा व्यापार सञ्चालन गर्ने प्रक्रियाको प्रावधान सरकारी निकायको अधिकार प्रयोगबाट आपूर्ति गरिएका सेवाहरूको व्यवस्था, अति सौविध्य प्राप्त राष्ट्रको व्यवहारको सिद्धान्तको आधारमा विश्वको सबै राष्ट्रका समान व्यवहार गर्नुपर्ने व्यवस्था, पारदर्शिताको व्यवस्था र कुनै निश्चित सार्वजनिक वा निजी व्यवसायको कानुन सम्मत व्यावसायिक हितमा प्रतिकूल प्रभाव पार्ने गरी गोप्य सूचना दिन बाध्य नहुने व्यवस्था पर्दछन् । अन्य यस्तै विशेषताहरूमा विकासशील तथा अतिकम विकसित मुलुकको हितमा विशेष प्रावधानको व्यवस्था, सेवा व्यापार सम्बन्धी परिषदलाई सूचना गर्ने गरी दुई पक्षहरू बिच श्रम बजार एकीकरण सम्बन्धी सम्झौता गर्न सकिने व्यवस्था, सेवा व्यापारको आन्तरिक बजारलाई व्यवस्थापन गर्न घरेलु नियम बनाएर लागु गर्न सक्ने व्यवस्था, बजार पहुँच र राष्ट्रिय व्यवहार अवलम्बन गर्नुपर्ने व्यवस्था सेवा व्यापारबाट आइपर्ने कुनै पनि विकृतिको नियन्त्रणको लागि आपतकालिन सुरक्षा उपायहरू अवलम्बन गर्न पाउने व्यवस्था र सदस्यहरू बिच उत्पन्न विवादलाई समाधान एवं कार्यान्वयन गर्ने व्यवस्था परेका छन् ।

नेपालको सन्दर्भमा सेवा व्यापारसम्बन्धी स्पष्ट नीति नभए पनि सेवा व्यापारको गहन भूमिकालाई कम मूल्याङ्कन गर्न सकिँदैन । नेपालको श्रम शक्तिले नेपाल बाहिर सेवा प्रदान गरे बापत विप्रेषण नेपालको वैदेशिक व्यापारमा भुक्तानी सन्तुलनको बलियो आधार देखा परेको छ । नेपालको जनशक्तिले वैदेशिक क्षेत्रमा गरेको योगदान र नेपालको पर्यटन क्षेत्रबाट प्राप्त गरेको आर्थिक उपलब्धिलाई मूल्याङ्कन गर्ने हो भने सेवा व्यापार क्षेत्रको भूमिका अझ बढी हुन आउँछ । नेपालको अर्थतन्त्रमा सेवा व्यापारले कूल



गार्हस्थ्य उत्पादनमा वार्षिक ४१ प्रतिशतभन्दा बढी योगदान रहेको छ । नेपालले विदेशी लगानीको लागि खुल्ला गरेका विभिन्न सेवा क्षेत्रहरूबाट अपेक्षित लाभहरूमा थप रोजगारका अवसरहरू सिर्जना हुने, सेवा क्षेत्रको विकासँगसँगै थप पूर्वाधारहरू विकास हुने र थप वैदेशिक लगानी आकर्षण हुने भइरहेका छन् ।

सेवा क्षेत्र उदारीकरणका चुनौतीमा उदारिकणको क्रमसँगै सेवा क्षेत्रमा आन्तरिक सुधारहरूलाई कुनरूपबाट, कसरी विश्व व्यापार समुदायसम्म मिल्दोजुल्दो र सरल बनाउनमा कठिन छ । अनुभवको अभावले गर्दा कुन सेवालाई कसरी भित्र्याउने, खुल्ला गर्ने र यसबाट प्रत्यक्ष लाभ हासिल गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । सेवा व्यापार सम्बन्धी तथ्याङ्क प्रशस्त नहुनु चुनौती रहेको छ । विश्व व्यापार सङ्गठनको प्रावधानको १२ वटा सेवा क्षेत्र मध्ये नेपालले ११ वटा सेवा क्षेत्रका १५५ वटा उप-सेवा क्षेत्रहरू मध्ये ७० वटा उप क्षेत्रहरू विदेशी लगानीका लागि सर्तसहित खुल्ला गरेको छ ।

सेवा बिक्रेतालाई ९० दिनसम्मको लागि नेपाल प्रवेश गर्न अनुमति दिइने र आवश्यकताअनुसार नवीकरण गर्न सकिने व्यवस्था रहेको छ । व्यापारिक भई सेवा व्यापारमा संलग्न रही नेपालमा एक वर्ष बस्न दिइने र नवीकरण भएको खण्डमा व्यय अवधि थपिने प्रावधान छ । सबै खालका कामदारलाई सुरुमा तीन वर्ष पुगेपछि आवश्यकताअनुसार ७ देखि १० वर्षसम्म नेपालमा कार्य गर्न अनुमति दिइने छ । व्यक्तिगत रूपमा भारत बाहेक विदेशी मुलुकहरूमा यात्रा गर्दा अमेरिकी डलर दुई हजार सटही सुविधा उपलब्ध गराइने व्यवस्था रहेको छ । कानुनी सेवाको सम्बन्धमा नेपालमा स्वीकृत लिएर मात्र नेपाली अदालतमा विदेशीहरूको बहस गर्न पाउने व्यवस्था गरेको छ । कुरियर सेवा विदेशबाट नेपालमा ल्याउन वा नेपालबाट विदेशमा लैजान मात्र खुला गरिएको छ । नेपालको कानुनी अङ्का अनुमति लिई स्वदेशी तथा विदेशी कानुन र अन्तर्राष्ट्रिय कानुनको व्यवस्था गरेको छ । विदेशी लगानीकर्ताले नेपालमा लेखा सम्बन्धी सेवामा लगानी गर्दा कूल लगानीको ५१ प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने व्यवस्था छ ।

नेपालमा आर्किटेक्चर सेवामा लगानी गर्दा कूल लगानीको ६६ प्रतिशत सम्म विदेशी लगानी गर्न सक्ने व्यवस्था छ । इन्जिनियरिङ सेवामा विदेशी लगानीको ६६ प्रतिशतसम्म लगानी गरेर सेवा व्यापार सञ्चालन गर्न सकिन्छ । यस्तो प्रावधान एकीकृत इन्जिनियरिङ सेवा र सहरी योजना तथा भू-धरातलीय आर्किटेक्चर सेवामा पनि छ । तर भेटेनेरि सेवामा कूल लगानीको ५१ प्रतिशतसम्म विदेशी लगानी रहने गरी नेपालमा संस्था खोली सेवा प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । कम्प्युटर र सम्बन्धित सेवाहरू अन्तर्गत विदेशी लगानीकर्ताले नेपालमा संस्था खोली सेवा व्यापार गर्दा कूल लगानीको ८० प्रतिशतसम्म वैदेशिक लगानी गर्न पाउने व्यवस्था गरेको छ । अनुसन्धान तथा विकास सेवाहरू अन्तर्गत वैदेशिक लगानीको लागि ५१ प्रतिशतसम्म खुला गरिएको छ । लिज सेवा अन्तर्गत नेपालले अधिकतम ८० प्रतिशतसम्म वैदेशिक लगानीको लागि खुल्ला गरेको छ । अन्य व्यावसायिक सेवाहरूमा विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा ३१ देखि ५१ प्रतिशतसम्म अधिकतम रूपमा लगानी गर्ने प्रावधान राखिएको छ ।

सञ्चार सेवाहरू अन्तर्गतका कुरियर, दूरसञ्चार, मोबाइल दूरसञ्चार र मूल्य अभिवृद्धि दूरसञ्चार क्षेत्रमा कूल लगानीको अधिकतम ८० प्रतिशतसम्म विदेशी लगानी गर्न पाउने प्रावधान छ । निर्माण तथा सम्बन्धित इन्जिनियरिङ सेवा क्षेत्रमा ८० प्रतिशतसम्म वैदेशिक लगानी गर्न पाउने प्रावधान छ । यस्तै वितरण सेवा शिक्षा सेवा र वातावरणीय सेवा क्षेत्रमा नेपालमा वैदेशिक लगानी गर्दा ८० प्रतिशतसम्म खुल्ला गरिएको छ । वित्तीय सेवा अन्तर्गत नेपालमा जीवन र निर्जीवन बिमामा विदेशी लगानी गर्दा ६७ प्रतिशत शेयर नेपाली लगानीकर्तालाई सुरक्षित राखी शाखा खोल्न अनुमति दिइएको छ । स्वास्थ्य सम्बन्धी सामाजिक सेवाहरू अन्तर्गत विदेशी लगानीको अधिकतम सीमा ५१ प्रतिशत तोकिएको छ । पर्यटन र यातायात सम्बन्धी सेवाहरूमा विदेशी लगानीका लागि अधिकतम सीमा ८० प्रतिशत राखिएको छ । तर मनोरञ्जन, सांस्कृतिक र खेलकुद सेवा क्षेत्रमा विदेशी लगानी गर्दा न्यूनतम विदेशी लगानी १० लाख अमेरिकी डलर र बढीमा ८० प्रतिशत लगानीको प्रावधान रहेको छ । यातायात सेवा वैदेशिक लगानीमा बढीमा ८० प्रतिशतसम्म राखे पनि पाइप लाइन यातायात सेवा अन्तर्गत इन्धन ढुवानीको हकमा भने ५१ प्रतिशतसम्म लगानी गर्न सक्ने व्यवस्था गरिएको छ । नेपालमा सेवा व्यापारलाई व्यवस्थित गरी समेट्न कम्तीमा ४२ ऐनहरू र २५ नियमहरू प्रचलनमा रहेका छन् भने कतिपय ऐन नियमहरू बनाउनु पर्ने र संशोधन गर्नु पर्ने देखिएका छन् । नेपालमा सेवा व्यापारमा देखिएका मुख्य समस्याहरूमा सेवा क्षेत्रको पहिचानको कमी, दीर्घकालीन प्रभावको विश्लेषणका अभाव, सम्भावित सेवाका बारेमा स्पष्ट सोच बनाउनमा कमी, सेवाका विविध विषयमा निजी क्षेत्रसँग समन्वय संयन्त्र निर्माणमा व्यवधान, आयातित र निर्यातित सेवा व्यापारको लेखाजोखा राख्नमा कमी, सेवा प्रदानका आवश्यक प्रक्रियाका आवश्यक सूचनाको अभाव, सेवा प्रदायकहरूलाई संरक्षण गर्न नीतिगत व्यवस्थाको अभाव रहेका छन् ।

नेपालमा सेवा व्यापारको लागि गरिएका प्रयासहरूमा सेवा विस्तारको लागि बजार पहुँचको प्रयास, सेवा सोधपुछ विन्दु स्थापना, सेवा सम्बन्धी जनचेतनामूलक कार्यक्रम, अन्तर्राष्ट्रिय स्तरमा बहुपक्षीय प्रणालीको वार्तामा नेपालको धारणा प्रस्तुति, सेवा व्यापारका क्षेत्रमा हुने गरेको क्रियाकलापका छलफल तथा अन्तरक्रिया, वेबसाइटबाट सूचना प्रवाह र अन्य प्रयासहरू हुन् ।

नेपालबाट निकासी भएका सेवा र आयात गरिएका सेवाहरूका यथार्थ मूल्याङ्कन स्थितिको चित्रण गरेर नेपालको कूल व्यापारमा सेवा क्षेत्रको योगदानको बारेमा मूल्याङ्कन गर्न आवश्यक छ । नेपालको सेवा व्यापारलाई विश्व व्यापारिकरण गर्नको लागि नेपालले विदेशमा गरिने लगानी सम्बन्धी कानुन ल्याउन जरुरी देखिन्छ । नेपालको सेवा व्यापारको क्षमता अभिवृद्धिको लागि दातृ पक्षबाट आर्थिक तथा प्राविधिक सहायता लिन ठोस कदम चाल्नु पर्छ। अन्तर्राष्ट्रिय बजारमा भएका सेवा व्यापार र नेपालको आन्तरिक बजारमा भएको सेवा व्यापारलाई सरल रूपले सञ्चालन गर्न र बजार संरक्षण गर्न विद्यमान ऐन नियममा आवश्यक सुधार गर्दै जानु पर्छ । नेपालबाट कम्प्युटर प्रविधिको निर्यात बढाउन सफ्टवेयर विकास गरी प्रशस्त लाभ लिन सकिन्छ । नेपालमा वित्तीय क्षेत्रको सेवा व्यापार अभिवृद्धि गर्न विदेशी बैङ्कले नेपालमा शाखा खोल्ने सम्भावना भएकोले अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धा गर्न नेपालमा स्थापित वित्तीय संस्थाहरूले आधुनिक सूचना प्रविधिको माध्यमबाट प्रतिस्पर्धा बन्नुपर्छ ।

पर्यटन क्षेत्र नेपालको भरपर्दो स्रोत भएकोले यसको विस्तारमा जोड दिँदै विश्वव्यापी रूपमा प्रचार-प्रसार र सेवा सुविधामा विविधीकरण गर्नुपर्ने देखिएको छ । अन्तर्राष्ट्रिय सेवा व्यापारका माग आएको परिवर्तन तथा आफ्नो देशको सेवा व्यापार अभिवृद्धिको लागि आधुनिक प्रविधि हस्तान्तरणबाट गुणात्मक प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ । निजीकरण तथा उदारीकरणको माध्यमबाट सेवा व्यापारका क्षेत्रमा गर्नु पर्ने सुधारका लागि नियमन संयन्त्र प्रभावकारी व्यवस्था गर्नुपर्छ ।

## सामाजिक सञ्जाल



**- हरि रोका**

निर्देशनको बाढी पछि 'कार्य-सम्पादन सम्झौता' को नौटङ्की । प्रमले मन्त्रीसँग, मन्त्रीले सचिवहरूसँग, यो अनन्तः सिलसिला परिचरमा गएर टुङ्गिन्छ । केही हात लाग्दैन । ब्युरोक्रेसीको संस्थागत संरचना र नेताको क्रोनिइजममा समस्या छ । गाँठ समातेर सरुवा-बढुवा र नियुक्ति गर्ने अनि सम्झौताको ढोँग रच्ने ?



**- बिमल पोखरेल**

भत्काएर बनाउनुपर्ने अदालत हो, यो कहिल्यै सुध्रिन्न । कसैले सजिलै न्याय पाइन्छ भन्ने सोचेको छ भने त्यो पूरै भ्रम हो । देवानी मुद्दा लिएर अदालत आउँदै नआए हुन्छ । बरु वकिलको पेसा सुकोस्, गाई पाले हुन्छ, तर देवानी मुद्दा लिएर अदालत नआउनुस् । नगर/गाउँपालिका गएर मिलापत्र गर्नुस् !



**- कृष्ण घिमिरे**

देउवा-ओली गठबन्धनले देउवालाई सहजता दिएको होला । तर, महामन्त्रीद्वय गगन र विश्वप्रकाशका लागि यो गठबन्धन कम, 'बन्धन' र राजनीतिक छविको स्खलन भने बढी नै बन्न पुगेको छ । एमालेमा त बाको विपक्षमा फेर्ने हिम्मत कसैको छैन, प्रश्न उठ्ने कुरै भएन । जनतालाई भने त हर्ष न बिस्मात !



**- विश्वरसिंह मेवाहाङ**

तेलको भाउ बढ्दा सरकारलाई गाली गर्नेहरू र भाउ घट्दा सरकारलाई धन्यवाद दिनेहरू चाहिँ खाँटी झोले हुन है । खासमा अटोमेटिक मूल्य प्रणालीमा भाउ घट्नु र बढ्नुमा सरकार कुनै भूमिका हुन्न भन्ने थाहा नपाएकोले उनीहरू झोले भएका हुन् ।

# बंगलादेशको घटना र नेपाल

विचार



● जयप्रकाश गुप्ता

कहिले काहीँ 'क्रान्ति' र 'कु' एउटै जस्तो हुन्छ । योभन्दा कतिपयलाई धेरैलाई नमिठो लाग्दो हो । स्वाभाविक नै हो । हामी कहाँ हिन्दुत्वको नाममा राजाको पुरानो हुकुमी शासन ल्याउन चाहनेहरू नेपाल उपर लगाइएको भारतीय नाकाबन्दीलाई बिर्सेर भारतमा मोदी महोदयको अविच्छिन्न बहुमतीय राजको प्रशस्ति गरिन्छ । तिनैलाई आज बङ्गलादेश दुःखीरहेको छ ।

अहिले बङ्गलादेशमा हिन्दुहरूका विरुद्ध भइरहेको दुर्व्यवहारलाई कदापि पनि ठिक भन्न सकिन्न । तर, धेरैले याद गर्दैनन् कि सन् २०२४ मै भारतमा मोदी सरकारले आप्रवासी घुसपैठी बंगलादेशीको नाममा त्यहाँ दशकौँदेखि बसिरहेका मुसलमानहरूलाई राज्यविहीन पार्न नयाँ नागरिकता कानुन ल्याउँदा बङ्गलादेशका मुसलमानहरू तथा त्यहाँका राजनीतिक दलहरूले कडा प्रतिक्रिया जनाएका थिए । भारतको असम राज्यमा के भइरहेको छ ? त्यहाँका मुख्यमन्त्री हेमन्ता विश्व शर्माका निरन्तर आइरहेका वक्तव्यहरूलाई त्यता र यताका समेत पाखण्डीहरूले नजर अन्दाज गरिरहेका हुन्छन् । यी सबको प्रताडना गलत रूपमै भए पनि आज बङ्गलादेशी हिन्दुहरू भोग्न बाध्य छन् । जुन एकदमै गलत हो ।

शेख हसिनाले कसरी शासन चलाएकी थिइन ? हामी त्यता जान चाहँदैनौँ । जबकि, त्यहाँका कट्टरपन्थी धर्मान्ध मुसलमानहरूले हिन्दुहरू उपर मौका छोपेर आक्रमण थाल्दा आज शेख हसिनाप्रति सहानुभूतिशील हुँदै छन् नेपालीहरू । बङ्गलादेशमा मोहम्मद युनुस आज अन्तरिम सरकारका मुखिया भएका छन् । यिनी उपर केहीअघि श्रम कानुनको उल्लङ्घन गरेको आरोपमा जेल सजाय सुनाइएको थियो । यिनी बङ्गलादेशबाट हसिनाको पलायनपछि मात्र पेरिसबाट ढाका फर्किएका हुन् । भारतमा मोदी सरकारका सबैले नोबेल पुरस्कार प्राप्त अमर्त्य सेनको किन आलोचना गर्छन् ? बङ्गलादेशमा ती नोबेल पुरस्कार पाउने मोहम्मद युनुस किन सजाय पाए ? किन पेरिस तिर लाग्न बाध्य भए ? त्यहीँको अदालतले भ्रष्टाचारमा दोषी ठहऱ्याएका अर्का पूर्व प्रधानमन्त्री बेगम खालिदालाई किन लगातार १३ वर्षसम्म जेलमा कोचे ? त्यहाँको अदालतले किन र कसरी शेख हसिनाको आरक्षण कानुनको प्रतिरक्षा गरेका थिए ? आज त्यहाँको अदालत किन तारो भएका छन् ? यसबारे न त भारतमा, न त नेपालमा कुनै चर्चा छ ।

नेपाली बहुसंख्यकहरूले नाक मुनीको जुँगालाई लुकाउन चाहेर जातीय पाखण्डीपना देखाइरहेका छन् । बङ्गलादेशमा हसिनाले सन् १९७१ को 'वार भेटरान' भनेर तिनका चौथौं वा पाचौं पुस्ताहरूलाई सरकारी जागिरमा आरक्षण निश्चित गरेको थियो । नेपालमा बहुसंख्यक शासक वर्गले हाल प्रचलित कथित आरक्षणको नाममा सरकारी जागिरहरूमा कसको हितको चिरस्थायी सम्बर्द्धन तथा प्रवर्द्धन गरिरहेका छन् ? नेपालमा वि.सं. २०६३ पछि सशस्त्र जनयुद्धको नाममा, यसमा पीडितको नाममा कसले राज्यको दोहन गरिरहेको छ ? नेपालमा यहाँका बुद्धिमठाधिशहरूले यसको खोजी गर्दैनन् ?

हसिनाको भित्री वस्त्र, परिधानका वस्तुहरू, साजसज्जा, विलासिताका साधनहरू, कुकुर-बिरालोहरू लुटियो । वङ्गबन्धु शेख मुजीबका सर्वत्र सालिकहरू तोडियो । यो राम्रो भएन, तर भयो यही नै । यस्तै हुँदै आएको हो । भारतको बङ्गाल राज्यको कलकत्तामा ज्योतिबसुका मार्क्सवादीहरूले अमेरिकन कन्सुलेट अफिसमा आक्रमण गरी लुटपाट गर्दा यही नै गरे । तेहरानमा शाह रेजा पहल्वी दरबार छोडेर भागेपछि यस्तै भयो । इमेल्डा मार्कोसका साथ के भएको थियो ? तिनका पेन्टी र जुत्ता चप्पलहरू महिनौँसम्म चर्चामा थियो । भारतमा जय ललिता उपर भ्रष्टाचारको मुद्दा लगाई जेल पठाइँदा के भयो ? नेपाली पाखण्डीहरू आज बङ्गलादेशका चर्चा गरिरहेका छन् । गर्नु पनि पर्छ । त्यहाँ गलत नै भएको हो । तर, यस कुरालाई किन बिर्सिने कि राजा त्रिभुवनले निजी ऋण तथा सापटी लिने गरेका नेपाली काँग्रेसका नेता सुवर्ण शमशेर, २०१७ सालमा राजा महेन्द्रले कु गर्नु पूर्व भारत निर्वासनमा गएपछि त्यस बेला उनका श्रीमतीका साथ ललिता निवासमा के भयो ? सूवर्णका परिवारका महिला सदस्यहरूका समेत अन्तर्वस्तुहरू राजा महेन्द्रले लिलाम गराएर, प्रदर्शनमा राखे, बेइज्जत पार्न कुनै कसर बाँकी राखेनन् । चाहनेले त्यस बेलाका समाज दैनिकहरू हेरे हुन्छ । गृष्मबहादुर देवकोटाका पुस्तक पढे पनि हुन्छ ।

यस अर्थमा राजा ज्ञानेन्द्र भाग्यशाली रहे, किन कि उनले संसारमा तानासाहहरू जनरोषको जाँतोमा पिसिनबाट जोगिन भाग्नु पर्दा हुने हबिगतको हेक्का राखे र पो आज भन्दै छन्, "मैले सुम्पेको जनताको नासो अब लिने बेला भएको छ !" क्रान्तिको दुष्परिणाम कठिन हुन्छ, जुन आज बङ्गलादेशमा भइरहेको छ । यद्यपि, निर्बाध सत्ता चाहनाको यात्रा जब 'कु देताँ'मा परिणत हुन्छ, त्यसको भोगाई पनि कम कठिन हुँदैन ।

## तपाईंको राशिफल

मेष : नयाँ साथी बन्नेछ । पारिवारिक कार्यहरूमा वृद्धि हुनेछ ।

वृष : राजनैतिक लाभ प्राप्त हुनेछ । आनन्दमा वृद्धि हुने योग छ ।

मिथुन : शैक्षिक कार्यमा प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

कर्कट : विदेश यात्राको योग छ । शत्रु परास्त हुनेछन् ।

सिंह : यात्राको लागि समय उत्तम छ । वाहन सावधानी जरुरी छ ।

कन्या : शत्रु कमजोर हुनेछन् । राजनैतिक सहयोग प्राप्त हुनेछ ।

तुला : नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ ।

वृश्चिक : नयाँ काम बन्ने योग छ । रोजगार प्राप्तिको योग छ ।

धनु : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । अर्कामाथि भरोसा नगर्नु होला ।

मकर : व्यापार-व्यवसायमा फाइदा हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ ।

कुम्भ : सन्तानको कार्यमा रोकावट प्राप्त हुनेछ । जिम्मेवारी बढ्ने योग छ ।

मीन : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह
www.madhyanhadaily.com



# युक्रेनी ड्रोन आक्रमणबाट दक्षिण रुसमा इन्धन भण्डारमा आगलागी

**काठमाडौं/एजेन्सी-** युक्रेनी ड्रोन आक्रमणबाट आइतबार बिहान रुसको दक्षिणी रोस्तोभ क्षेत्रमा एक तेल भण्डारण केन्द्रमा भीषण आगलागी भएको छ । सामाजिक सञ्जालमा प्रकाशित भिडियोमा आगो लागेपछि प्रोलेटार्स्क सहरमा बाक्लो कालो धुवाँ र आगोको मुस्लो निस्किएको स्थानीय गभर्नरले बताएका छन् ।




'रोस्तोभ क्षेत्रको दक्षिणपूर्वमा हवाई सुरक्षाले एउटा ड्रोन आक्रमणलाई विफल बनाएको छ, प्रोलेटार्स्कमा औद्योगिक भण्डार केन्द्रहरूको क्षेत्रमा ड्रोन खसेपछि डिजेल इन्धनमा आगो लाग्यो,' गभर्नर भासिली गेलबेभले टेलिग्राममा भने, 'स्थानीय समयानुसार बिहान पाँच बजेर ३५ मिनेनमा अर्को ड्रोन आक्रमणका कारण प्रोलेटार्स्कमा औद्योगिक सुविधामा अग्नि नियन्त्रण निलम्बित गरिएको थियो ।' पछि उनले आक्रमणमा कोही पनि घाइते नभएको र आगो निभाउने प्रयास केही बेरपछि पुनः शुरु भएको बताए । प्रोलेटार्स्क युक्रेनी सीमाबाट करिब दुई सय ५० किलोमिटर र युक्रेनी सीमामा लडिरहेका किएभको नियन्त्रणमा रहेको क्षेत्रबाट करिब तीन सय ५० किलोमिटर टाढा छ ।

रुसी रक्षा मन्त्रालयले रातभरमा 'विमान-प्रकार' का पाँच युक्रेनी ड्रोनलाई खसाएको बताएको छ। ती ड्रोनमध्ये दुई वटा रोस्तोभ क्षेत्रमा थिए। सन् २०२२ मा द्वन्द्व सुरु भएयता किएभले आफ्नो सीमाहरूबाट करिब सयौं किलोमिटर टाढा रुसमा तेल र ग्यास सुविधाहरूमा बारम्बार निशाना बनाएको छ। यसलाई युक्रेनले आफ्नो ऊर्जा पूर्वाधारमा आक्रमणको 'उचित' प्रतिशोध भनेको छ । यसै महिनाको प्रारम्भमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रहरूमा आक्रमण गरेकामा आफ्ना सेनाको प्रशंसा गर्दै आक्रमणले द्वन्द्वलाई 'उचित अन्त्य' गर्न मद्दत पुग्ने बताएका थिए ।

# राष्ट्रपतीय निर्वाचनका लागि ह्यारिसको अभियान जारी

**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेदवार रहेकी उपराष्ट्रपति कमला ह्यारिसले यो साता पेन्सिल्भेनिया र सिकागोमा महत्वपूर्ण कार्यक्रमहरू गर्ने भएकी छन् । विजयका लागि महत्वपूर्ण मानिएका राज्यमा आफ्नो अभियानलाई फैलाउन राज्यका विभिन्न स्थानमा पुग्ने क्रममा उनको चुनावी दौडाहाले दिन प्रतिदिन समर्थन बटुल्ने क्रम पनि जारी रहेको देखिन्छ ।



गाजामा इजरायलको युद्धको विरोधमा भइरहेको प्रदर्शनले छायाँमा पारेको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा उनको चर्चा दिन प्रतिदिन चुलिन थालेको छ । राष्ट्रपति जो बाइडेनले करिब एक महिना पहिले निर्वाचनबाट आफ्नो उम्मेदवारीलाई फिर्ता गर्दै आफ्ना सहयोगी ह्यारिसलाई समर्थन गरेका थिए । अभियानमा उत्साहको लहर चलाउँदै उपराष्ट्रपति ह्यारिसले आफ्ना चिरपरिचित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पविरुद्ध आफ्नो चुनावी नारा लिएर आइतबार पेन्सिलभेनिया राज्यका विभिन्न स्थानको ¥यालीलाई सम्बोधन गर्नेछिन् ।

त्यसपछि ५९ वर्षीय ह्यारिस डेमोक्र्याट्स प्रशंसकको स्वागतका लागि सिकागो पुग्नेछिन् । उनको अभियानले सिकागोको चुनावमा ट्रम्पको अग्रताको सम्भावनालाई क्षीण बनाएपछि गत हप्ता ट्रम्पले त्यहाँ माहोल फेरि आफ्नो पकडमा आउने आशा व्यक्त गरेका थिए ।

गाजामा हमासविरुद्ध इजरायलको युद्धलाई बाइडेन-ह्यारिस प्रशासनले समर्थन गरेको भन्दै यसको विरोधमा आइतबारदेखि हरेक दिन हजारौं प्रदर्शनकारी सिकागो उत्रिने अपेक्षा ट्रम्पले गरेका छन् ।

प्रदर्शन आइतबारदेखि शुरु भएर बिहीबार पनि जारी रहने अपेक्षा गरिएको छ । यो समयमा डेमोक्र्याटिक पार्टीको विशेषगरी सोमबार र बुधबार मुख्य सभा हुने बताइएको छ। डेमोक्रयाटिक पार्टीका लागि पनि चार दिने प्रचारप्रसार ट्रम्पको हत्याको प्रयास र ८१ वर्षीय बाइडेनको आश्चर्यजनक बहिर्गमनसहित स्मृतिमा सबैभन्दा उथलपुथलपूर्ण चुनावी चक्रको कडीमा ताजा हुनेछ ।


## कतारमा रोजगारको अवसर
कम्पनी: VARK BEVERAGE PROVIDING COMPANY
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०७/१५ चलानी नं.: ६०२०९६६५ LT. No.: 294625 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Workers | 3 | 0 | स. काममा दक्ष | 1500 | ५३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com



## साउदीमा रोजगारको अवसर
कम्पनी: SAUDI MANPOWER SOLUTIONS CO.
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७१७ L.T. No.: 309084

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef/Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 99 | 0 | | 1000 | ३५,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com



## साउदी र कुवेतमा रोजगार
कम्पनी: MANAL SHABAB AL-OTAIBI INDUSTRIAL FACTORY
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७२८ LT. No.: 309057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 10 | 0 | स. काममा दक्ष | 1400 | ४९,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

कम्पनी: AATMEDHA CONSUMER ORDER DELIVERY CO.SPC
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६४९ LT. No.: 308773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 25 | 0 | स. काममा दक्ष | 140 | ६१,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SADENZA FACTORY FOR THE PRODUCTION OF KITCHENS MADE OF SHEET METAL AND STAINLESS STEEL
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३६८८ LT. No.: 309056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WELDER (G.E.) | 10 | 0 | स. काममा दक्ष | 140 | ६१,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


AAYUSH OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu | Tel: 01-5918559.
Email: aayushoverseas123@gmail.com,
Web: www.aayushoverseas.com.np



## कुवेतमा रोजगार
कम्पनी: KAFEK SWEETS & RESTAURANT COMPANY
शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७३३ LT. No.: 309110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter/waitress | 30 | 10 | स. काममा दक्ष | 120 | ५२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BLAZE FITNESS WOMEN'S HEALTH INSTITUTE
शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७३१ LT. No.: 309108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/helper | 0 | 5 | स. काममा दक्ष | 120 | ५२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: R & B TAILOR COMPANY FOR TAILORING WOMEN'S CLOTHS
शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.:६०२२३७३४ LT. No.: 309111

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 0 | 6 | स. काममा दक्ष | 120 | ५२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FOR RENT CARS RENTAL COMPANY
शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७३२ LT. No.: 309109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 5 | 0 | स. काममा दक्ष | 150 | ६५,७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


GULF EMPIRE COMPANY PVT. LTD.
श्रम इजाजत नं. १५९९/०७९/८०
KMC-31, Minbhawan, Baneshwor, Kathmandu,Nepal. Tel: 01-4115960/4115961, 9801315959, 9813287287
Email: gulfempirenepal@gmail.com | Web.: www.gulf-empire.com
Creating a Better World !



## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: PINK DIAMOND MODERN TECHNICAL WORKS L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०५ चलानी नं.: ६०२१७०९२ LT. No.:302266 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Assistant | 1 | 0 | स. काममा दक्ष | 1100 | ४०१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labourer | 1 | 0 | | 1100 | ४०१२८ | | | | | | | |
| 3. | Electrical Assistant | 2 | 0 | | 1100 | ४०१२८ | | | | | | | |
| 4. | Electrical Mechanic | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 5. | Electrician | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 6. | Elevator Electrician Assistant | 1 | 0 | | 1100 | ४०१२८ | | | | | | | |
| 7. | Gas Fitter | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 8. | Painter | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 9. | Painter Assistant | 2 | 0 | | 1100 | ४०१२८ | | | | | | | |
| 10. | Pipe Fitter | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 11. | Pipeline Pumps Operator | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 12. | Plumber | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 13. | Welder | 2 | 0 | | 1200 | ४३७७६ | | | | | | | |
| 14. | Welder Assistant | 1 | 0 | | 1100 | ४०१२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477



## SAUDI मा वैदेशिक रोजगारको अवसर
कम्पनी : NORTH DEKKA CAFE FOR SERVING DRINKS
शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं: ६०२२३७२५ L.T. No.: 309081

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Server, Food And Beverage Dept | 1 | 0 | | 1200 | ४२,८५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.
License No: 1634/080/081
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com



## साउदीमा रोजगार
कम्पनी : AL DANA EAGLE GENERAL CONTRACTING ESTABLISHMENT
शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७१८ LT. No.: 309035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
IAF



## कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी: NILE DREAM COMPANY FOR PROVIDING LOGISTICAL SERVICES
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१०/०९ चलानी नं.: ६०२१३६६९ L.T. No.: 298644 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 21 | 0 | स. काममा दक्ष | 130 | ५६,९५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: S N G EMPLOYMENT SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१६ चलानी नं.: ६०२१४१११ L.T. No.: 299117 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 68 | 50 | सम्बन्धित काममा दक्ष | 900 | ३२,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labor | 34 | 0 | | 800 | २९,१८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १० गते (26 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Al Zahra Human Resources Consultancy Private Limited
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369
Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com



## युएईमा रोजगार
कम्पनी: LAMSAT YAQOOT SECURITY SERVICES
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/३२ चलानी नं.: ६०२२३७२१ L.T. No.: 309123

